# मार्मिक कथाहरुको सङ्ग्रह : 'यालमाया'



– रमेशमोहन अधिकारी
हेटौँडा-२, मकवानपुर

विद्यालय तहदेखि नै कविता लेख्न थालेका साहित्यकार पूर्ण ओलीको पहिलो प्रकाशित कविता 'गोमन सर्प' उनी १७ वर्षको हुँदा अर्थात् वि.सं. २०४१ मा 'जमर्को' मा प्रकाशित भएको रहेछ । उनको पहिलो कृति 'दिन फिर्छन् त' खण्डकाव्य वि.सं. २०५० मा अर्थात् उनी २६ वर्षको हुँदा प्रकाशन भएको रहेछ । उनका 'यालमाया' र 'जितौरी' कथासङ्ग्रह वि.सं. २०७७ चैतमा प्रकाशन भएका देखिन्छन् । यसपछि वि.सं. २०७८ मा 'त्रिवेणी' संस्मरण सङ्ग्रह । उनी कवि, कथाकार तथा संस्मरणकारका रूपमा देखिए तापनि कथाकार व्यक्तित्वका रूपमा बढी देखा पर्छन् ।

यस समीक्षामा उनको 'यालमाया' कथासङ्ग्रहमा समेटिएका कथाहरूको कथानक र सन्देशलाई भिन्दाभिन्दै तथा भाषाशैली र प्रवृत्तिलाई समग्र रूपमा हेर्न खोजिएको छ ।

## १. प्रेम प्रस्ताव

'प्रेम प्रस्ताव' यस कथासङ्ग्रहको पहिलो कथा हो । यस कथाको मुख्य पात्र प्रणयकुमार एक योग्य शिक्षक हो । ऊ विद्यालयको कामसमेत घरमै ल्याएर गर्छ । उसकी श्रीमती न विद्यालयको काम घरमा गरेको सहन्छिन् न ल्यापटप खोलेको । आफ्नी पत्नीप्रति प्रणय आजित छ । उसकी पत्नीको यस व्यवहारबाट उन्मुक्ति खोजिरहेकै वेला फेसबुकका माध्यमले प्रियङ्का नामकी एक जना युवती साहित्यकारसित हिमचिम बढ्छ । दुबै एकै पेसाका हुनु र प्रणयको पनि साहित्यकार बन्ने ईच्छाले तिनीहरू दुबैलाई नजिक्याउँछ ।

यसै सिलसिलामा एक दिन प्रियङ्काले डेटिङ प्रस्ताव राख्छिन् । प्रणय घरमा पत्नी हुँदाहुँदै एउटी युवतीको डेटिङ प्रस्तावले मक्ख परेर दह्रो तयारी गर्छ । यसबिचमा प्रियङ्काले प्रणयको सम्पूर्ण पारिवारिक पृष्ठभूमि, प्रणय पत्नीबाट विरक्तिनाको कारण तथा प्रियङ्कासँग लहसिन खोज्नाको मूल कारण बुझिसकेकी हुन्छिन् । उनले डेटिङकै दिन आफू सबै कुराका लागि तम्तयार भएको देखाएर प्रणयको सातो लिन्छिन् । प्रणय खिस्रिक्क पर्छ ।

यस कथाले दाम्पत्य जीवन सुमधुर राख्न दुबैको भूमिका उत्तिकै रहनुपर्ने देखाएको छ । सुरूमा प्रणय पत्नीका नकारात्मक तथा असहिष्णु व्यवहारले नै टाढिएको हो । अर्को कुरा, सुहाउँदो बहाना पाए भने पुरुष घरमा पत्नी भई भई पनि आकर्षक युवतीसँग लहसिन सक्छ भन्ने कुरा पनि यस कथाले प्रस्तुत गरेको छ । कतिपय नारी अन्य नारीको समस्या तथा संवेदना बुझ्न सक्ने हुन्छन् । त्यसैले प्रियङ्काले रौँ प्रमाणले टुट्न बाँकी रहेको प्रणय र पद्माको सम्बन्धलाई जोडिदिएकी छन् । एकातिर यस कथाले घरमा श्रीमती हुँदाहुँदै अर्कीसँग रमाउन मात्र होइन, जीवन बिताउन खोज्ने पुरुषीय प्रवृत्ति तथा पुरुषीय अहम्प्रति दह्रो प्रहार गरेको छ भने अर्कातिर महिलाले पनि अरूका इच्छा, आकाङ्क्षा, कर्तव्य, बाध्यता बुझ्नुपर्ने सन्देश प्रक्षेपण गरेको छ ।

## २. महामाया

'महामाया' यस कथासङ्ग्रहको दोस्रो कथा हो । यस कथामा 'म' पात्रको स्वभाव र निकै कुरा मिल्ने महिला प्रजितासँग सामीप्य देखिन्छ । म पुरुष पात्र एउटा कार्यालयको नासु हो र महिला खरिदार । दुबै जनाबिचको सम्बन्ध दाजुबहिनीको जस्तो छ । पछि दुबै

जना शाखा अधिकृत र अलि पछि महिला सहसचिव हुन्छिन् । तर सम्बन्धमा कुनै परिवर्तन नभई सहज छ । यस कथामा दुबैले एक अर्कालाई गर्ने व्यवहार सचेतनभन्दा अचेतनबाट सञ्चालित छ । त्यसैले एकले अर्काको समीपमा रहन चाहन्छन् । 'म' पात्रले आफ्नो सरुवाको प्रस्ताव राख्न नपाउँदै हाकिमले आफैँ सरुवा भएको जिल्ला तेह्रथुममा 'म' पात्रलाई पनि सरुवा गराउन खोज्नाको कारण पनि यही हो । यी दुईबिचको माया देखावटी छैन, अन्तर्प्रवाहित छ । त्यसैले सुरूका यी दुई अपरिचितबिच बढ्दै गरेको माया, माया मात्र होइन, महामाया हो ।

यस कथाले माया हुन नातेदार हुनुपर्दैन, उही स्थानको हुनुपर्दैन, उही लिङ्गको हुनुपर्दैन, उही पदको हुनुपर्दैन भन्ने कुरा मात्र स्थापित गरेको छैन, फरक धर्मको भए पनि फरक पर्दैन भन्ने कुरालाई समेत स्थापित गरेको छ ।

यस कथाले सच्चरित्रता, निश्छलता, सहिष्णुता तथा समग्रमा आदर्श प्रस्तुत गरेको छ ।

### ३. परिशीलन

'परिशीलन' यस कथासङ्ग्रहको तेस्रो कथा हो । यस कथामा 'म' पात्रको मात्र नभई स्वयम् कथाकारकै छोरा परिशीलन सानो छँदाको सन्दर्भ आएको छ, जसको हत्या २३ वर्षकै उमेरमा आततायीहरूद्वारा भएको थियो ।

यस कथामा 'म' पात्र विभिन्न परिबन्दले गर्दा ढँटुवा देखा परेका छन् । उनले आफ्नै निकटतम साथी ओपेन्द्र दाइ, प्रोफेसर श्रेष्ठ, घरपरिवार तथा दुधमुखे छोरालाई समेत ढाँटेका छन् ।

कथाको 'म' पात्र दस बर्से युद्धकालीन द्वन्द्वको मारमा परेको देखिन्छ । कर्तव्यनिष्ठ शिक्षक भएका हुनाले द्वन्द्व कालमा ऊ डराउनुपरेको छ, हुँदोखाँदोको जागिर माया मारेर ढाक्रे हुनु परेको छ, दुनियाँका आँखा छल्नुपरेको छ ।

यस कथामा बालसुलभता त छ नै, कारुणिकता पनि पाइन्छ । कारुणिकता त कथैभरि छ भन्दा पनि हुन्छ । आफ्नो छ बर्से छोरा सँगै राखेको छ, उसका अपेक्षा पूरा गर्न सकेको छैन । उसका जिज्ञासाको उचित जबाफ दिन सकेको छैन, बच्चा सँगै हुने मानिस आर्थिक रूपले जर्जर छ । त्यसमाथि छोरा 'म' पात्रबाट छुट्टिएर हजुरबुबा र आमासँग घर जाँदाको क्षण साह्रै कारुणिक छ । सानो शिष्य अर्थात् आफ्नै जेठो छोराको हत्याको सन्दर्भबाट कथाको अन्त्य अत्यन्त कारुणिक बनेको छ ।

### ४. जालीमाया

'जालीमाया' यस कथासङ्ग्रहको चौथो कथा हो । 'म' पात्र प्रेमका दाजुको विवाहको तयारी हुँदै छ । प्रेमकी मामाकी छोरी प्रीति दाजु प्रेमका घरमा आइपुगेकी छे । प्रीतिलाई राति निद्रा लागेपछि उसकी आमाले प्रेमका कोठामा सुत्न पठाउँछिन् । प्रेमलाई तिर्खा लाग्छ र पानीको भाँडो खोज्न थाल्छ । बत्ती गई अँध्यारो भएकोले अनजानमा उसको हात प्रीतिको स्तनमा पर्छ । प्रीति रुँदै आमानेर पुग्छे र घटना एकसरो सार्वजनिक पनि हुन्छ । यस घटनाले दुबैलाई लज्जाबोध हुन्छ र एक अर्काबाट टाढिन थाल्छन् । हाड नाता पर्ने प्रीति र प्रेमको विवाहको कुरो आआफ्ना घरमा चल्छ । उनीहरूको समाजमा फुपूचेला-र मामाचेलीबिच विवाह गर्ने प्रचलन छ । तर प्रीतिको विवाह विनोदसँग हुन्छ । प्रीति विनोदद्वारा निरन्तर हिंसामा पर्न थाल्छे । प्रेमलाई छोडेर विनोदसँग विवाह भएकोमा प्रीति पछुताउन थाल्छे । उसले एक पटक भेट्न प्रेमलाई आफ्नो घरमै बोलाउँछे । प्रीति र प्रेमले खाना खाँदै गफ गरिरहेको वेलामा विनोद आइपुग्छ र अबैध सम्बन्धको शंका गरेर चिर्पटले हानेर दुबैको इहलीला समाप्त गरिदिन्छ ।

यस कथाले कुनै पनि घटनालाई त्यसको गहिराइमा पुगेर मात्र निर्णय लिनुपर्छ भन्ने सन्देश दिन्छ । प्रेमद्वारा भूलवश भएको घटनालाई नियतवश भएको ठानी प्रीति प्रेमबाट टाढिनाले नै उसको दाम्पत्य जीवन दुर्घटनामा परेको छ । यता मामाकी छोरी भेट्न गएको अपराधमा प्रेमले मृत्युदण्ड पाएको छ । आपसी सम्बन्धलाई केलाउन नसक्दा प्राणघातीसम्म हुन सक्ने कुरो यस कथामा देखाइएको छ । कथाको अन्त्य सुखान्त र दुःखान्त एकैसाथ हुँदा कथा निकै मार्मिक बनेको छ ।

### ५. माईसारा

'माईसारा' यस कथासङ्ग्रहको पाँचौँ कथा हो । 'म' पात्र सदरमुकामतिर जाँदै छ । उसको अघि अघि एक युवक र गह्रुङ्गो भारी बोकेकी एक युवती पनि छन् । युवती नीताले युवकलाई कता जान लागेको भन्ने कुरा पाल्सी भाषामा सोधेपछि युवकले जबाफ दिएको कुराबाट कथा सुरू हुन्छ । साङ्केतिक भाषाबाट युवक युवतीबिच भएको प्रेमालापले 'म' पात्र आकर्षित हुन्छ । युवतीबाट कोडभाषा सिकेपछि 'म' पात्रले पनि छुट्टै कोडबाट अर्कै पाल्सी/साङ्केतिक भाषा तयार गर्छ र त्यही भाषाबाट युवतीसँग गफ हुन थाल्छ । उनीहरूका कोड भाषाको गफ कसैले ध्यान दिई सुनिरहेको भने भेउ पाउँदैनन् । आतङ्ककारीले प्रयोग गर्ने भाषा ठानेर नीतालाई सुरक्षाकर्मीले पक्राउ गर्छन् । कथा यसरी वियोगान्त हुन पुग्दछ ।

यस कथामा पनि नेपालको दस बर्से द्वन्द्व कालको कालो छायाँ देखिन्छ । अपरिचित व्यक्तिसित बोल्न डराउनुपर्ने समाजमा प्रहरीको व्यवहारले मलजल गरेको छ । यस कथामा सामान्य मानिसलाई हेर्ने प्रहरीको दृष्टिकोण, बुझ्ने तरिका, गर्ने व्यवहार, तिललाई पहाड बनाउने प्रवृत्ति, समात्न माथिको आदेश नचाहिने तर छाड्न माथिको आदेश पर्खिने परस्पर विरोधाभासी प्रवृत्तिको प्रकटीकरण पाइन्छ ।

### ६. देखीमाया

'देखीमाया' यस कथासङ्ग्रहको छैठौँ कथा हो । पर्या कथा 'देखीमाया' मा वर र पीपलका ससाना बिरुवा पात्रका रूपमा रहेका छन् । यी दुबैलाई मानवीकरण गरिएको छ । वरमा पुरुषप्रधान कठोरता पाइन्छ भने पीपलमा नारीगत कोमलता । यिनका गुण र प्रतिष्ठाका आधारमा मानिसहरूले पीपलको बढी र वरको कम पूजा गर्ने गर्दछन् ।

यी वनस्पतिलाई पनि मानिसहरूले जोडी चाहिन्छ भनेर विवाह गरिदिन्छन् । मानिसले पूजाको नाममा वर र पीपल दुबैका पात चुँड्ने तथा हाँगाबिँगा काट्ने गर्छन् । मान्छेकै अविवेकीपनाबाट अन्त्यमा दुबैको नाश हुन्छ । यस कथामा वर र पीपलका माध्यमद्वारा मानिसका स्वार्थी स्वभाव छर्लङ्ग पारिएको छ । यस कथालाई विश्लेषण गरी हेर्दा मानिसले पूजा भन्ने शब्दको अर्थबोध गर्न नसकेको प्रतीत हुन्छ । कुनै कुरालई पूजा गर्नु भनेको त्यसलाई सञ्चय गर्नु र संरक्षण गर्नु हो । मानिसलाई बाँच्नका लागि चाहिने अक्सिजनको पर्याप्तता, आराम गर्ने तथा ओत लाग्ने स्थल हुनु, चर्मलगायत कतिपय रोगको औषधी हुनु आदि कारणले यी साना छँदा पात चुँडेर निर्मुट्टै पार्ने वा ठूलो भएपछि हाँगा छिमल्ने नाममा बौटै नाङ्गो बनाइदिने काम कसैले पनि गर्न हुन्न ।

कथाकारले यस कथाका माध्यमले पर्यावरण संरक्षणतर्फ ध्यानाकर्षण गर्दै मानिसको अहङ्कारी तथा स्वार्थी प्रवृत्तिप्रति तीक्ष्ण प्रहार गरेका छन् ।

### ७. निर्माया

'निर्माया' यस कथासङ्ग्रहको सातौँ कथा हो । यो बालमनोविश्लेषणात्मक कथा हो । यस कथाकी मुख्य पात्र आठदस वर्षकी बालिका मिलन हो । मिलन 'म' पात्रको फुपूकी छोरी हो जो 'म' पात्र अर्थात् मङ्गलकी शिष्या थिई । ऊ सानी नै भए तापनि चतुर, वाचाल तथा कुशल सङ्गठक पनि छे । ऊ आफ्नी दिदी मालतीको विवाह मङ्गलसँग होस् भन्ने चाहन्छे । मिलनकै माध्यमले मङ्गलले मालतीलाई प्रेम गर्न थाल्दछ ।

मङ्गल परीक्षा दिन सहर गएको वेला मिलनले उसलाई परीक्षा छोडेर तुरुन्त घर फर्कन कर गर्छे । यसबिचमा अर्को युवक प्रभात र मालतीको हिमचिम बढेको हुन्छ । दिदीको बिहे प्रभातसँग हुने हो कि भनेर आत्तिन्छे मिलन । मङ्गल आएको भोलिपल्ट मिलन र मालती मुसीकोट जाने र त्यहीँ भेटघाट गराउने योजनामा छे मिलन । सङ्केत नबुझेर मङ्गलले बाटो भुल्दा उसकी दिदी र मिलनको भेट हुन पाउँदैन, बरु मङ्गल दुर्घटनामा पर्छ ।

बेलुका घाइते मङ्गल गाउँमा पुगेपछि मिलन उसको घर जान खोज्छे । मङ्गलले मिलनलाई बाटैबाट फर्काइदिन्छन् । ऊ दुखित हुँदै घर जान्छे र फलस्वरूप बिरामी पर्छे । मङ्गल अस्पताल र घरको स्याहारले

तङ्ग्रिएपछि मिलनलाई नभेटी सहर जान थाल्दा मिलन बिरामी भएको थाहा पाउँछ र मिलनको घर पुगेरै उसलाई भेट्छ । मङ्गललाई भेटेपछि मिलनलाई निको हुन्छ । मिलनले मङ्गल र मालतीलाई विवाह गर्न राजी गराउँछे ।

यस कथामा उसको उमेरका बालबालिकाले के सोच्छन् भन्ने कुरा मात्र छैन, कुनै दुईजनाको जोडी बाँधिदिन समेत सक्छन् भन्ने कुरा बडो रोचक पाराले प्रस्तुत भएको छ । यो कथा बालबालिका पनि धेरै बुझ्ने हुन्छन्; उनीहरूलाई अरूले अवहेलना गरेको सहन सक्तैनन्; उनीहरू मायाका भोका हुन्छन्; उनीहरूलाई माया गर्नेहरूप्रति पनि हुरुक्क हुन्छन् जस्ता सन्देश दिन सफल छ ।

### ८. मालप्रेमी

'मालप्रेमी' यस कथासङ्ग्रहको आठौँ कथा हो । कार्यालयका सहसचिव शिशिरसँग गाडीमा घर फर्कँदाको तन्द्रामा आधारित छ यो कथा । तन्द्रामै 'म' पात्र शिशिरको घर पुग्छन् । शिशिरकी श्रीमती माइत गएको मौका पारी ती दुबैले रक्सी पिउँदापिउँदै फरक संसारमा पुग्छन् । बेलायती साहित्यकार सेक्सपियरको बगैँचा, विभिन्न प्रकारका डिजिटल कारखाना, तिनबाट उत्पादित विभिन्न विधा र विचारहरू । अचम्म लाग्दा दृश्यहरू देखिन्छन् । त्यो अनौठो प्रविधि चाख मानेर मोबाइलमा कैद गर्न खोज्दा 'म' पात्र सेक्सपियर र उनका रक्षाकहरूद्वारा पक्राउ पर्छन् ।

यस कथामा 'म' पात्रको तन्द्रा यथार्थ हो भने अनौठो खालको रक्सी, दृश्य परिवर्तन तथा बेलायती दृश्य, शब्दहरू विविध मेसिनहरूमा प्रवेश गर्दै विभिन्न विधाका पुस्तक तयार हुनु वा विचार आदिको उत्पादन र त्यसले सृजना गरेको रोमाञ्चकता स्वैरकाल्पनिक हुन् ।

यस कथामा रक्सी खानेहरूबिच अनौपचारिक सम्बन्ध हुने खुलासा गर्दै साहित्यमा चोरी गर्ने प्रवृत्तिप्रति तीक्ष्ण प्रहार गरिएको पाइन्छ ।

### ९. यालमाया

'यालमाया' यस कथासङ्ग्रहको नामाकरणको कारण हुनाको साथै नवौँ कथा पनि हो । यस कथाको नायक गोरे प्रौढ छ भने नायिका यालमाया बालिका । ठकुरीकी छोरी यालमाया गोरे कामीको आरनको आवाजसँग तानिएर अनायासै गोरे कामीका आरनमा आइपुग्छे ।

गोरे कामी एक पौरखी व्यक्तित्वको नाम हो । उसले आरनको साथै गाउँलेको जमिन खनजोतलगायतका काम पनि गर्दछ । चुट्किला सुनाउने, गीत गाउने तथा सारङ्गी बजाउने जस्ता कला उसका अतिरिक्त सामर्थ्य हुन् ।

समयसँगै यालमायामा तारुण्य भरिन थालेपछि गोरे यालमायाप्रति सम्मोहित हुन्छ । गोरेको आरनको आवाज, उसको परिश्रम र मिठो लय यालमायालाई असाध्यै मन पर्ने हुँदा यालमाया पनि गोरेलाई पछ्याइरहन्छे ।

गोरे र यालमायाको निकटता गोरेकी श्रीमतीलाई असह्य हुँदै जान्छ । गोरे आफ्नो कलाप्रतिको यालमायाको आसक्ति बुझ्दैन र अन्धो प्रेमी झैँ यालमायालाई हात पार्ने दाउमा लाग्छ । एक दिन गोरेले यालमायालाई आफ्नो घरमा बोलाउँदा ऊ खुरुखुरु गोरेको घरभित्रै आइदिन्छे । गोरेले यालमायालाई घर भित्र्याउन सफल भएको ठान्दछ । तर, कथाले नाटकीय मोड लिन्छ । यालमायाले गोरेको सहाराबाट नारायण मगरलाई रोज्छे । गोरेको सपनामा तुषारापात हुन्छ । भोलि बेहोर्नुपर्ने लोकलज्जाको अनुमान गरेर उसले पहिल्यै आत्महत्या गर्छ ।

भ्रान्ति जीजिविषाको पनि कारण हो र मृत्युको कारण पनि । मानिस भ्रान्तिमा बाँच्छ र त्यसै कारण उसको मृत्यु पनि हुन सक्छ भन्ने भाव यस कथामा आएको पाइन्छ ।

### १०. प्रतिशोध

'प्रतिशोध' यस कथासङ्ग्रहको दसौँ कथा हो । आफूलाई दुर्व्यवहार गर्नेसँग गुणले बदला लिएको मिठो र कौतुहलपूर्ण कथा हो यो ।

यस कथामा रुकुम घर भएका 'म' पात्र र उनका साथी तालिमका क्रममा सुर्खेतको एक होटेलमा बसेका छन् । तिवारी थरका व्यक्तिले चलाएको त्यस होटलमा दिनहुँ ससुराले बुहारीलाई टोकसो गरिरहन्छन् । सिङ्गो परिवार नै असमझदार भएकोले घरमा गृहयुद्ध मच्चिरहन्छ ।

होटेलमा खानाको पैसा महिना नमर्दै लिने गरिन्छ । खानाका रूपमा बासी भात, झिंगा भन्केको दाल र बिग्रिन थालेको आलु मात्र दिइन्छ । होटेलमा बस्नेहरूलाई पाखे भनी हेपिन्छ । होटलेको यस्तो व्यवहारबाट 'म' पात्र र उनका साथी आजित हुन्छन् ।

'म' पात्रका साथीले होटेलवाला तिवारीसँग कुनै दिन प्रतिशोध नलिई नछोड्ने अठोट व्यक्त गर्दछन् । केही समयपछि होटलवाला तिवारी जागिरका सिलसिलामा रुकुममा पुग्दछन् । यो कुरा 'म' पात्रका साथी, जोसँग जेठानको नाता कायम भैसकेको हुन्छ, उनले थाहा पाउँछन् र तिवारीलाई खाना खाने गरी आफ्नो घरमा आमन्त्रण गर्छन् ।

यता 'म' पात्र आफ्ना जेठानले तिवारीसँग प्राणघाती प्रतिशोध लिने नै भए भनी त्राहिमाम छन् । उनका जेठान भने तिवारीलाई मासुभातसहितको मिठो खाना खुवाई बोक्न नसक्ने कोसेलीसमेत दिई पठाउँछन् ।

कथाको अन्त्यसम्म पनि कथा कसरी टुङ्गिन्छ भन्ने अनुमान गर्न सकिन्न । कथाले नाटकीय मोड लिन्छ र अन्त्यमा मात्र बैगुनको बदला गुन लगाएर प्रतिशोध लिएको खुल्दछ ।

यस कथामा किरन्टोकी, असभ्य तथा सङ्कीर्णहरूले अरूलाई पाखे ठान्ने र आफूलाई उदार र सभ्य ठान्ने प्रवृत्तिप्रति कडा व्यङ्ग्य गर्दै ढुङ्गाले हान्नेलाई फूलले स्वागत गर्ने नेपाली समाजको उदार स्वभावको प्रकटीकरण छ ।

**११. योगमाया**

'योगमाया' यस कथासङ्ग्रहको एघारौँ कथा हो । यो त्यो पुरुषप्रधान समाजको कथा हो, जहाँ सामाजिक चेतना माथि उठ्न सकेको छैन र परिवारका साथै योगमाया स्वयम्समेत यस चिन्तनबाट ग्रस्त छिन् । कथाको परिवेश आजभन्दा सात/आठ दशकअघिको रुकुमको सदरमुकाम मुसीकोट वरपरको हो ।

कथाका मूल पात्र यज्ञबहादुर र योगमाया गाउँका सम्पन्न र जान्नेबुझ्ने कहलिएका व्यक्तिका छोराछोरी हुन् । उनीहरूबिच बिहेपश्चात् लगातार चारओटै छोरीहरू जन्मँदा दाम्पत्य सम्बन्ध चिसिँदै जान्छ । योगमाया पाँचौँ सन्तान पनि छोरी नै हुने डरले आफूप्रति बेपर्वाह रहन्छिन् । गर्भपातको प्रयास गर्छिन्,। पाँचौँ र छैठौँ सन्तान उनीहरूको इच्छाअनुसार छोरा नै जन्मन्छन् तर उनीहरू गर्भावस्थाको हेलचेक्र्याइँले गर्दा कमजोर संरचनाका हुन्छन् । बल्ल बल्ल जन्मेका छोराहरू ती पनि दुर्बल जन्मेपछि उनीहरूलाई बढी स्याहार गर्न खोज्दा छोरीहरू बेस्याहारमा पर्छन् । बग्रेल्ती सन्तान, ती पनि सबै ख्याउटे हुँदा योगमायामा निराशा छाउँछ । तर विद्यालयको वार्षिकोत्सवमा आफ्नो सबैभन्दा निर्बल छोराले धेरै थरी पुरस्कार पाउँदा योगमाया खुसीले आल्हादित हुन्छिन् ।

यस कथाले हाम्रो समाजका जान्नेबुझ्ने भनाउँदामै रहेको व्याप्त अन्धविश्वास, छोरी चाहिँ मान्छे नै नभए जस्तो गरी गर्भावस्थादेखि नै हुने व्यवहार, त्यसले स्वास्थ्यमा पार्ने असर जस्ता कुरा देखाउन खोजेको छ। सामाजिक यथार्थवादी यस कथाले समाजबाट पुरुषप्रधान चिन्तन हटाउनुपर्छ भन्ने सन्देश प्रकारान्तरबाट दिन खोजेको छ ।

**१२. मायाको पर्दा**

'मायाको पर्दा' यस कथासङ्ग्रहको बाह्रौँ कथा हो । यस कथाकी 'म' पात्रको सुन्दरसँग प्रेम हुन्छ तर शक्तिसँग विवाह । विवाहपश्चात् सुन्दरद्वारा 'म' पात्रमाथि जबर्जस्ती गरिन्छ । ठिक यही वेलामा शक्ति आइपुग्छ । यस्तो अवस्थामा शक्तिले 'म' पात्रप्रति शङ्का गर्नु तथा क्रूद्ध हुनु स्वाभाविक हुन्छ । यी सबै स्थितिले 'म' पात्रलाई आत्महत्या गर्न प्रेरणा दिन्छन् ।

म पात्रले पहिले सुन्दरसँग प्रेम गरेको भए तापनि विवाहपश्चात् उसले शारीरिक सम्बन्ध राख्न खोजेकी छैन । सुन्दरको जबर्जस्तीमा परेकी मात्र हो । परिबन्दले उसका पतिका सामु ऊ पनि चरित्रहीन देखिएकी मात्र हो ।

यस कथामा सुन्दरको व्यवहारले ऊ साँचो प्रेमी नभएर वासनाको भोगी मात्र भएको देखिन्छ । सुन्दर जस्तो कामुक, स्वार्थी तथा निच प्रवृत्तिका व्यक्तिले

 *काचापाते लालसुरती, तमाखु ऐरागी, रनवन उज्यालो पार्दै आइपुग्यो बैरागी ।।*

प्रेमको नाममा अर्काकी श्रीमतीसँग नाजायज सम्बन्ध राख्न खोज्दा उसको घर भत्किनुका साथै महिलालाई आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याउँछ भन्ने कुरा रोचक ढंगले प्रस्तुत गरिएको छ ।

### १३. ज्यानमाया

'ज्यानमाया' यस कथासङ्ग्रहको तेह्रौँ कथा हो । यो कथा रहस्यमय प्रकृतिको छ । 'म' पात्र कतै यात्रामा निस्कँदा उनले जुन सिट पाउँछन्, अर्कोले पनि उही नम्बरको सिट पाउँछ । 'म' पात्रलाई अर्को पात्रसँग रिस उठ्छ । दुबैबिच भनाभन पनि हुन्छ । गाडी दुर्घटनामा पर्छ । दुबैलाई केही हुँदैन । 'म' पात्रले खाना खान्छ, सहयात्रीले खाँदैन । 'म' पात्र गाडीबाट ओर्लँदा सहयात्रीलाई देख्दैन ।

'म' पात्रको सहयात्री उनकै मन हो । मानिसका मनमा विभिन्न तरङ्गहरू उठ्छन् । ती तरङ्गहरूले मानिसलाई भ्रान्तिको अवस्थामा पुऱ्याउँछन् । त्यही भ्रान्तिमार्फत् कथाकारले यस कथामा मानिसमा उत्पन्न हुने ईर्ष्या, तनाव, तरङ्ग आदिको प्रस्तुति गरेका छन् ।

### १४. लोककथा

'लोककथा' यस कथासङ्ग्रहको चौधौँ कथा हो । यस कथामा गाउँले विकासको मुख राम्ररी देख्न नपाएको वेलाको कथा छ । कथाको नायक अबोध बालक लोकबहादुर हो । बालकै अवस्थामा उसको बुबाको, मृत्यु हुन्छ । त्यसपछि बहिनीको र आमाको समेत मृत्यु हुन्छ । लोकबहादुरले बालककालमा बेहोर्नुपरेको दर्दनाक र मर्मान्तक अवस्था यस कथाको विषयवस्तु हो ।

एकै जनालाई दुःखको भारीले पटक पटक थिचिरहे पनि भोग्नैपर्ने हाम्रो सामाजिक व्यथा कथाले बोलेको छ । उसको परिवारका सदस्यहरू बिरामी पर्दा चिन्ता लिने र मृत्युमा मलामी जाने गाउँलेसमेत लोकबहादुरको पछिल्लो प्रगतिको खुसीमा सरिक हुन सक्तैनन् ।

यस कथामा गाउँलेको आत्मीयता, अशिक्षाको प्रभाव तथा विकासको मुख देख्न नपाएका गाउँलेको पीडा व्यक्तिएको छ । उपचारको अभावले आहत यस कयनपानी गाउँमा मानिसहरूले भोग्नुपरेका एकपछि अर्का पीडाले कथा अत्यन्त कारुणिक र मार्मिक बनेको छ । यस कथामा विगत जे जस्तो भए तापनि वर्तमान हाँसीखुसीसाथ बिताउनुपर्छ भन्ने प्रकारान्तरिक सन्देश क्षिप्त छ । साथै कथामा राजनीतिक दलका स्वार्थी तथा अवसरवादी चरित्र तथा समाजकै असामाजिकताप्रति तीक्ष्ण व्यङ्ग्यसमेत पाइन्छ ।

### १५. गलफन

'गलफन' यस कथासङ्ग्रहको अन्तिम अर्थात् पन्ध्रौँ कथा हो । यो कथा 'म' पात्रको विवाह सन्दर्भसँग जोडिएको छ । कथाको मुख्य पात्र 'म' र देवकुमारी हुन् ।

बारीमा आउने गाईवस्तु छेक्न जाँदा एउटी आठनौ बर्से बालिकासित जम्काभेट हुन्छ 'म' पात्रको । अचानक भेटिँदा टक्क अडिएका ती दुईबिचको सम्बन्ध बढ्दै प्रेमका रूपमा विकसित हुन थाल्छ । सिलाइ बुनाइ तालिमका सन्दर्भमा सदरमुकाममा भेट्ता 'म' पात्रले देवकुमारीलाई गलबन्दी बुनिदिन आग्रह गर्छ । देवकुमारीले बुनिदिएको गलबन्दी 'म' पात्रलाई साह्रै प्यारो लाग्छ र प्रेमको प्रतीकस्वरूप हरबखत लगाइरहन्छ ।

'म' पात्र पढाइको सिलसिलामा काठमाडौँमा पुग्छ । देवकुमारी गाउँमै हुन्छे । 'म' पात्रको मनमा देवकुमारीको विषयमा अनेक शंका-उपशंका उब्जिन्छन् ।

स्नातकको पढाइ सकिएर फर्किँदा केटी तथा तिनको परिवार आफूलाई भेट्न नआएको भनेर 'म' पात्रले ती केटीसँग विवाह नगर्ने निर्णय गर्छ । सो निर्णय सुनाउन आफ्ना आमाबुबालाई केटीको घरमा पठाउन खोज्छ । तर उसको बुवाआमालाई उसको निर्णय स्वीकार्य हुँदैन ।

'म' पात्र केटीको घरमा आफै जान बाध्य हुन्छ । ऊ केटीको घरमा पुगेपछि आफूप्रति गरिएको सत्कारले प्रसन्न हुन्छ ।

परिवारले ऊसँग धारणा बुझ्न खोज्दा 'म' पात्रले केटीसँग स्वयम् कुरा गर्न खोज्छ, केटी पनि सम्मुख पर्न आउँछे । केटीको सुन्दरताले ऊ मोहित हुन्छ । केटीले घर खान

सक्ने बताएपछि 'म' पात्रको मन फेरिन्छ र उसलाई नै विवाह गर्ने निर्णय सुनाउँछ ।

केटी निरक्षर हुनाले विवाहपश्चात् साक्षर गराएर मात्र होइन, 'म' पात्रले आफ्नी जोडीलाई कलेजको ढोकासमेत घचघच्याउन सक्ने बनाउँछ ।

यस कथाले मानिसमा विकास हुने प्रेम, त्यसले मान्छेलाई डोऱ्याउने बाटो र त्यसको गन्तव्यसमेत प्रस्तुत गरेको छ । निश्छल माया टिकाउ हुन्छ र यसले मानिसलाई दृढ बनाउँछ भन्ने पनि देखाएको छ । मानिसको जस्तासुकै अहङ्कारलाई चूर्ण बनाउने प्रेम हो भन्ने पनि देखाएको छ । यसका साथै हाम्रो समाजका लागि शिक्षाको अपरिहार्यता पनि प्रस्तुत गरेको छ ।

यो कथा कौतहलपूर्ण, रोमाञ्चक तथा प्रभावकारी पनि छ ।

**भाषाशैली**

कथाकार ओलीले खास गरी पहिलो कथा 'प्रेम प्रस्ताव'मा अङ्ग्रेजीको भरमार प्रयोग गरेका छन् । यस क्रममा मेसेज, प्रोपोज, डिमान्डिङ, हाई, लेडी, होस्ट, चेन, वेल, करेन्ट, जस्ता शब्द; टेलिसिरियल, होमवर्क, जेन्टलम्यान, होलफस्ट, जस्ता समस्त शब्द, गुगल क्रोम, ल्याप टप, सोट एनालाइसिस, योर हाइनेस जस्ता शब्दावली तथा एनी वे, आई लभ यु, यु आर हेयर, यु आर एबसोलुट्ली राइट जस्ता वाक्यहरूसमेत प्रयोग गरेका छन् ।

यसै गरी उनले कबोल, कसम, साबिक, मजाक, जस्ता अरबी तथा मर्द, मर्दाना, परेशान जस्ता फारसी शब्दहरूको समेत प्रयोग गरेका छन् आफ्ना कथाहरूमा ।

कथाकार कर्णाली प्रदेशका हुनाले उनका कथाहरूमा नेपाली भाषिकाको प्रभाव पर्याप्त परेको छ । आफू तथा आफ्नो समाजको भाषिक यथार्थता वा भाषिकाप्रेमका कारणले समेत उनले भाषिकाको प्रयोग गरेको हुनुपर्छ ।

उनका कथाहरूमा निज्याउनु, इवाँला, खर्चपर्च, जागिरी, खेर्न, फ्वाँसे, घरभेटी, बोइ, उमभरे, बसौँसाल, जर्पत्ताल, पहिन्ने, कातेकाते, फितफिताउनु, खुन्टिनु, सन्त्याउनु, गोऱ्यान, फेद, बर्किनु, खेरिनु, तोपताप, घुचेट्नु, झुङ्नु, न्याहो, घसारा, कर्कच्चे, उम्सो, काँचीभारी, मिच मार्नु, चिर्कोबजिङ्गो, सजिलरी, ल्याएर (लिएर?), आजु, कटुजे, कर्दी, ओटा, तर्सो, आन, ढिकमैरा, घारीमैरा, मुड्को, गाउँबुरा, बफेल्ने, ज्यै, बुर्नु, जाइन, उक्राउन-पुक्राउन; मैरी, ओटा, फस्ट्याउनु, घोर्न, कालापार, ग्वाला, छ्यो ! छ्यो !, हुर्या ! हुर्या !, गलफन, सुइँपत्तो, गारापारे, पोइल आएर, बर्किन्छ, खै गर्नु, कल्सौँरो, साथिनी, राङ्डे, न्याम्ना, पोइ जस्ता भाषिका प्रयोग भएका छन् ।

कथाकारले प्रयोग गरेका ध्वाँरिरहेको, नधितिउन्जेल, चिच्याकोलो, लाजपात्रे जस्ता कतिपय शब्द व्यक्तिभाषा जस्तो पनि लाग्छ ।

कथाहरूमा प्रयुक्त गमक्क, बरक्क, टुसुक्क, टक्क, भुरुरु, टुकुटुकु, कलकल, धुइँधुइँती, बर्बर्ती, घुँक्कघुँक्क, तिरिरिरिरि, सर्लक्कै, क्वारक्वार्ती, घुटुक्घुटुक्क, लुरुलुरु, चुइँक्क, चिँचीखुर्र, खङ्ग्रङ्ग, घलघली, खर्लङ्गै, फनफनी, इयाम्मै, झुलुक्क, हुरुरुरुरु, बुर्लुक्क, ढुकढुकी, गललल, खिचिक्क, झिलिक्क, मिलिक्क, धुरुक्कै जस्ता अनुकरणात्मक शब्दहरूले कथाहरूमा मिठास भरेका छन् ।

यसै गरी यी कथाहरूमा सिरिङ्ग सिरिङ्ग, पाइला पाइला, छियाछिया, घरीघरी, बरक्कबरक्क, हल्लीहल्ली, मस्कीमस्की, गान्टेगान्टे, करिबकरिब, चसक्कचसक्क, छमछम, सिकसिक, मरीमरी, सुनूँसुनूँ, गफगाफ, चुपचाप, क्वाँ क्वाँ, हिक्क हिक्क, अलापविलाप, कोषकोष, सानासाना, हाँगाबिँगा, पोथ्रापोथ्री, अन्तरकुन्तर, घुर्लुकघुर्लुक, सरकसरक, हप्याकहप्याक, पिलिकपिलिक, केरकार, गुटुमुटु, फरक-फरक, लुगालत्ता, हलुकाहलुका, कुल्टुङकुल्टुङ, कल्टिाङकिल्टिङ, बुर्लुकबुर्लुक, ग्वारग्वार, फुरफुर–फिरफिर, दमदम, फुत्तफुत्त, खितखित खितखित, फत्र्याकफत्र्याक, खितितिति, छङछङ, झाङ्गलझुङ्गल, थररर, लुरुलुरु, खुरुरुरु, ट्वाङट्वाङ, छङछङ, सर्र, गडगड, खिलखिल, टुलुटुलु, धिपधिप जस्ता द्वित्व पनि कथाहरूलाई मिठा बनाउन नै प्रयोग भएका छन् ।



*वर्की नाच्यो फर्की नाच्यो, पीपलुको पात, वनै राम्रो बैरागीलाई, वनै परेई रात ।। सङ्कलकः गीता ओली पुन ।*

यस्तै मुन्टो भाँच्नु, कुहिराको काग हुनु, कपालको रौँ कानबाट निस्कनु, इन्तु न चिन्तु हुनु जस्ता टुक्का हुन् वा पालेको मुसाले थैली काट्छ, खुट्टा सद्दे भए जुत्ता त कति कति जस्ता उखानले कथाहरूलाई सुन्दर बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

यस्तै अथिङ्ग्रेको काँढा पसेझैँ, अरिङ्गालले चिलेसरह, केतुकेका तामा जस्तै, धाइराको काठ सरी, छिचमिरी जस्ती, आगो खन्याइएसरी जस्ता उपमा तथा महाप्रलयपछिको जिउँदो लास तथा बलेर्तीको तप्कानेमा परेका बिरुवा जस्ता रूपकसमेत कथाहरूलाई सुन्दर बनाउन अघि सरेका छन् ।

कथाहरूमा सेकेन, जुद्ध, ब्या जस्ता कथ्य भाषा प्रयोग भएका छन् भने लोकसाहित्यिक शब्द कर्खा पनि । यसै गरी प्रयत्नलाघवको स्मरण गराउने काल्लियो, लम्बाउले जस्ता शब्द पनि प्रयोगमा आएका छन् ।

**भाषिक त्रुटिहरू**

कथाकार अवश्य पनि सर्वगुणसम्पन्न होइनन् । उनका कथामा ख्याल गर्न छुटेका कतिपय सन्दर्भहरूसमेत छन् ।

कौमार्यता, सौम्यता, सामञ्जस्यता जस्ता शब्दहरूमा 'ता' प्रत्ययको अनावश्यक प्रयोग भएको देखिन्छ ।

केही क्रियापदहरू त्रुटिपूर्ण छन् । प्राय: प्रथम पुरुषीय क्रियापदका सट्टा तृतीय पुरुषीय क्रियापद प्रयोग भएका छन् । थिएन, छोड्दैन, सकिरहेको थिएन आदि ।

यस्तै केही आदरगत, वर्णविन्यासगत तथा असङ्गत वाक्य संरचना जस्ता त्रुटि पनि देखा पर्छन् । यसको कारण सम्पादनको कमी हुन सक्छ ।

**कथाकारका प्रवृत्ति**

पूर्ण ओलीका अधिकांश कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कारण कतिपय कथा कथाकार स्वयम्कै जस्ता लाग्छन् । परिशीलन, योगमाया, लोककथा तथा गलफन जस्ता केही कथा यसका उदाहरण हुन सक्छन् ।

उनको कृति 'यालमाया'को शीर्षक एक शब्दमा छ । अधिकांश कथाका शीर्षकमा माया र प्रेम शब्द आएकै छन् । अधिकांश कथाको कथावस्तुमा पनि माया र प्रेमका सन्दर्भ कसै गरी न कसै गरी आएकै छन् । मानौँ यो कथासङ्ग्रह नै मायाको पोको हो ।

ओलीका कुनै कुनै कथामा प्रकृतिको मानवीकरण गरिएको पाइन्छ ।

उनका कथामा केही सूक्ति जस्ता लाग्ने महत्त्वपूर्ण वाक्यहरू छन् । तिनले कथाकारको वजन बढाएका छन् । जस्तै :

"अर्थ भईभई अर्थ नलाग्ने शब्दहरू र अर्थ नभईनभई अर्थ लाग्ने शब्दहरूको संवाद भित्रभित्रै काउकुती लगाउने खालको हुँदो रहेछ ।"

"दु:खमा दु:खकै कुरा गरिरहँदा झनै घाउ बल्झन्छ । केही गर्न नसकेपछि नदेखेझैँ गर्नुपर्छ ।"

कथाकार ओलीका कथाहरूमा हार्दिकता पाइन्छ र कवितात्मकता पनि । यिनका कथाहरूमा 'म' पात्रको कुशल प्रस्तुतिले यी कथाहरू जीवन्त बनेका छन् । आफ्नो जीवनमा दु:ख पाए पनि, सुख पाए पनि कथाकारले मानिसहरूका सुखदु:ख भने राम्ररी बुझेका छन् । त्यसैले यिनका कथाहरू मार्मिक छन् र सुन्दर पनि ।

❑❑


साहित्यकार भूपेन्द्रा मल्लको कृति खोजी खोजी पढ्नुहोस् ।

